दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १११ | बुटवल | २०८३ बैशाख ०८ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday April 21, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरून्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**


मनाईयो जितगढी विजयोत्सव

# जितगढी किल्लालाई राष्ट्रिय सम्पदामा सूचीकृत गर्न पहल लिएका छौं: मुख्यमन्त्री आचार्य

**लुम्बिनी संवाददाता**

*बुटवल*

जितगढी विजयोत्सव धुमधामका साथ मनाइएको छ। वि.सं. १८७२ बैशाख ७ गते आधुनिक हतियारसहित आएको अंग्रेज फौजलाई नेपाली सेनाले पराजित गरेको ऐतिहासिक दिनको सम्झनामा यो उत्सव मनाइँदै आएको हो।

बुटवल उप-महानगरपालिकाको आयोजनामा हरेक वर्ष मनाइँदै आएको जितगढी विजयोत्सव यस वर्ष पनि विशेष कार्यक्रमका साथ मनाइएको हो।

कार्यक्रमको लुम्बिनी प्रदेशका लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले उद्घाटन गरे। कार्यक्रमलाई सम्बोधन गर्दै उनले ऐतिहासिक जीतगढी किल्ला लाई राष्ट्रिय सम्पदाको सूचीमा सूचीकृत गर्न संघीय सरकारसँग पहल गरिररहेको जनाए।

मुख्यमन्त्री आचार्यले किल्लालाई राष्ट्रिय महत्वको धरोहरका रूपमा अघि बढाउन र यसलाई राष्ट्रिय सम्पदामा सूचीकृत गर्न निरन्तर पहल भइरहेको बताए।

'यसलाई राष्ट्रिय सम्पदाका रूपमा सूचीकृत गर्ने र जितगढी उत्सवलाई राष्ट्रिय उत्सवका रूपमा मनाउने विषयलाई प्राथमिकतामा राखेर संघीय सरकारसँग पहल भइरहेको छ,' उनले भने-'आगामी दिनमा पनि प्रदेश सरकारका तर्फबाट निरन्तर प्रयास रहनेछ।'

उनले जितगढी किल्लाको महत्व एउटा पालिकामा सीमित नराखी राष्ट्रियस्तरमा विस्तार गर्नुपर्नेमा जोड दिए। रुपन्देही जिल्लालाई आर्थिक केन्द्रका रूपमा विकास गर्न सबै स्थानीय तहको समान भूमिका आवश्यक रहेको उल्लेख गर्दै प्रदेश सरकारले विकास, उन्नति र समृद्धिका लागि आधार तयार गर्ने बताए।

मुख्यमन्त्री आचार्यले राष्ट्, राष्ट्रियता र स्वाधीनताको रक्षामा अग्रजहरूको बलिदानलाई सम्मान गर्नुपर्ने धारणा राखे। 'कमजोर अवस्थाका बाबजुद उच्च मनोबल र रणनीतिक कौशलका आधारमा विजय हासिल गरेको इतिहास हामी सबैका लागि गर्वको विषय हो।'-उनले भने। उनले जितगढी किल्ला राष्ट्रिय स्वाभिमानसँग जोडिएको सम्पत्ति भएको उल्लेख गर्दै यसको संरक्षण सबै नेपालीको दायित्व भएको बताए।

कार्यक्रम बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बुटवलको विकास र पहिचानलाई जिगतढीले निकै महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए। कार्यक्रमका अध्यक्ष समेत रहेका उनले जितगढीको विकासका लागि यहाँका स्थानीयसहितको समन्वयमा सुरक्षा गर्दै यसको प्रचारप्रसारमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको बताए।






बुटवल उप-महानगरपालिका उपप्रमुख सावित्रादेवी अर्यालले जितगढीलाई राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत बनाउनुपर्नेमा जोड दिइन्।

कार्यक्रममा इतिहासविद् देवेन्द्रराज शाक्य ले जितगढी किल्लाको ऐतिहासिक पृष्ठभूमिबारे जानकारी गराएका थिए।

वि.सं. १८७२ बैशाख ७ गते आधुनिक हतियारसहित आएको अंग्रेज फौजलाई नेपाली सेनाले पराजित गरेको ऐतिहासिक दिनको सम्झनामा यो उत्सव मनाइँदै आएको हो।

उजिरसिंह थापा को नेतृत्वमा नेपाली सेनाले सुलेभान उड नेतृत्वको अंग्रेज फौजलाई पराजित गरेको थियो। इतिहासविद्हरूका अनुसार उक्त युद्धमा तीन सयभन्दा बढी अंग्रेज सैनिक मारिएका थिए। उक्त युद्धमा लेफ्टिनेन्ट अम्बर अधिकारी, कुम्मेदान वृषसुर थापा, जमादार भीमसेन देउजा, जमादार सुरवीर बोहरा, हवलदार रणसुर बानियाँ, सिपाही हंसवीर अधिकारी, नकुल बानियाँ र जुठे बस्नेतले वीरगति प्राप्त गरेका थिए।

इतिहासअनुसार कर्णेल उजिरसिंह थापाले विजय प्राप्त भएमा भगवती मन्दिर निर्माण गर्ने भाकल गर्नुभएको थियो। विजयपछि पाल्पामा मन्दिर निर्माण गरिएको र हालसम्म भगवती जात्रा निकाल्ने परम्परा कायम रहेको छ। चुरे पर्वतको काख र तिनाउ नदीको पश्चिम किनारमा रहेको जितगढी किल्ला सेनकालीन समयमा निर्माण भएको मानिन्छ। अंग्रेजसँगको युद्धपछि विजयको प्रतीकका रूपमा यसको नाम 'जीतगढी' रहन गएको हो।

## 'कानुनसम्मत छानबिन होस्, व्यक्ति छानेर होइन'



बुटवल। नेपाली कांग्रेसका सभापति गगन थापाले आफूहरू प्रतिपक्षमा भए पनि लोकतन्त्रको मूल मान्यता 'रुल अफ ल' लाई केन्द्रमा राखेर विषयहरू उठाइरहेको बताएका छन्।

बागमती प्रदेशस्तरीय चुनावी समीक्षा कार्यक्रममा बोल्दै कुनै पनि व्यक्ति कानुनभन्दा माथि नहुने बताए। उनले भने-'प्रधानमन्त्री, पार्टी सभापति वा म स्वयं किन नहोस् राज्यको निकायले अनुसन्धान गर्छु भनेर भन्छ, त्यसका केही आधारहरू छन् भने त्यो अनुसन्धानमा सहयोग गर्ने काम प्रत्येक व्यक्तिको हो। भोलि गएर अहिलेको सरकारले गगन थापामाथि केही हामीले कैफियत भेटेका छौं, अनुसन्धान गर्नुपर्छ भनेर भन्दै गर्दा हाम्रो कांग्रेसको सभापतिले अनुसन्धान गर्न पाइँदैन भनेर अरूले भने पनि कांग्रेसले भन्दैन।'

राज्यका निकायले अनुसन्धान गर्नुपर्ने आधार भए त्यसमा सहयोग गर्नु सबैको दायित्व भएको बताए। राज्य पनि कानुनभन्दा माथि हुन नहुने भन्दै अनुसन्धान प्रक्रिया 'सेलेक्टिभ' हुन नहुने प्रश्न उठाए।

उनले गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदन अपूर्ण र चयनात्मक भएको टिप्पणी गरे। उक्त प्रतिवेदनले २४ गते भएको घटनाबारे पर्याप्त सम्बोधन नगरेको उल्लेख गर्दै उनले उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गर्न माग गरे।

कांग्रेसले सार्वजनिक पदमा बसेका सबै व्यक्तिको सम्पत्ति छानबिन हुनुपर्ने धारणा राख्दै आएको उनले बताए। उनले थपे-'म मन्त्री भएको छु, मेरो पनि छानबिन होस्। तर यो प्रक्रिया कानुनसम्मत र निष्पक्ष हुनुपर्छ, व्यक्तिविशेष छानेर होइन। गलत तरिकाले आर्जित सम्पत्ति जफत गरी राष्ट्रियकरण गर्नुपर्छ।'

## विवादै विवादमा तानिए मन्त्री

बुटवल। सरकार गठनको महिना दिन नबित्दै तीन मन्त्री विवादमा तानिएका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलका नेता बालेन्द्र शाह (बालेन)को नेतृत्वमा सरकार गठन भएको महिनादिन अझै पुगेको छैन।

गत फागुन २१ मा भएको प्रतिनिधिसभाको निर्वाचनबाट झण्डै दुई तिहाई बहुमत प्राप्त गरेको रास्वपाबाट गत चैत १३ गते शाह प्रधानमन्त्री नियुक्त भएका हुन्। त्यसैदिन उनले १५ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका थिए।

सरकार गठन भए लगत्तै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दिपककुमार साह विवादमा तानिएपछि बर्खास्तीमा परे। उनकी पत्नी डा. जुनु श्रेष्ठ स्वास्थ्य बिमा बोर्डको बैठकमा सहभागी भएपछि विवाद उत्पन्न भएपछि उनलाई बर्खास्त गरिएको थियो।

श्रेष्ठ दुई वर्षअघि स्वास्थ्य बिमा बोर्डको सदस्य नियुक्त भएकी थिइन्। तर, बोर्डलाई कुनै जानकारी नदिई उनी अध्ययनका लागि बेलायत गएकी थिइन्। लगातार तीनभन्दा बढी बैठकमा उपस्थित नभएपछि बोर्डको सदस्य पदमुक्त हुने कानुनी व्यवस्था छ। त्यसैलाई टेकेर उनलाई पदमुक्त गरिएको थियो।

तर, साह श्रममन्त्री बनेपछि उनी बोर्डमा गएकी थिइन्। त्यसका लागि तत्कालीन श्रममन्त्री साहले स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहतामार्फत काम गराएका थिए। त्यो विवादपछि रास्वपाले साहलाई श्रमन्त्रीबाट हटाएको थियो। त्यसलाई लिएर रास्वपाले स्वास्थ्यमन्त्री मेहतालाई पनि सचेत गराउन प्रधानमन्त्री शाहलाई सिफारिस गरेको थियो।

» बाँकी ३ पेजमा

## प्रतिनिधिसभाको नयाँ नियमावली तयार



बुटवल। प्रतिनिधिसभा नियमावली मस्यौदा समितिले संसदको नयाँ नियमावली तयार गरेको छ।

सिंहदरबारमा सोमबार बसेको समितिको बैठकले कार्यअवधिको १३औं दिनमा मस्यौदाका सबै कुराहरू टुंगो लगाएर नयाँ नियमावली तयार गरेको समिति सभापति गणेश पराजुलीले जानकारी दिए। नियमावली मस्यौदाका शुद्धाशुद्धी र केही क्रमहरू मिलाउने काम मात्रै बाँकी रहेकाले मंगलबार त्यसलाई मिलाएर सभामुखलाई बुझाइने उनले बताए।

कार्यपालिका र व्यवस्थापिकाबिचमा भएका मतभिन्नताहरूलाई न्यूनीकरण गर्ने र जवाफदेहिता खोज्ने कामलाई नयाँ नियमावलीमा जोड दिइएको पराजुलीले जानकारी दिए। संसदीय समितिहरूले कार्यपालिकालाई निर्देशन दिँदै गर्दा त्यसको जवाफदेहिता खोज्न समयसीमा तोकेर ३० दिनभित्र आफूले दिएको निर्देशनअनुसार कामकारबाही अगाडि बढेको छ कि छैन प्रगति विवरण माग्ने गरी बुँदा राखिएको बताए।

त्यस्तै व्यवस्थापिकाले दिएका सबै निर्देशनको संशोधन वा पुनर्मूल्यांकनको लागि ३० दिनभित्रै जानकारी गराउनुपर्ने व्यवस्था पनि समावेश गरिएको उनले जानकारी दिए।

विधेयक निर्माणका क्रममा हुने गरेको ढिलाइलाई अन्त्य गर्न समयसीमा तोकेर प्रक्रिया अघि बढाउने विषयलाई पनि प्राथमिकता दिइएको समिति सभापति पराजुलीले बताए। मस्यौदा समितिलाई दिइएको समयसीमा मंगलबार सकिँदै छ।

## व्यापार घाटा साढे १२ खर्बमाथि




बुटवल। आर्थिक वर्ष २०८२/८३ को पहिलो नौ महिनामा नेपालको वैदेशिक व्यापार घाटा १२ खर्ब ६७ अर्ब ५६ करोड रुपैयाँबराबरको भएको छ। यस्तो घाटा गत आवको सोही अवधिमा ११ खर्ब २१ अर्ब रुपैयाँ थियो।

सोमबार (बैशाख ७) भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकानुसार, चालु आवको चैत्रसम्ममा नेपालको कुल व्यापार घाटा १३.०४ प्रतिशतले बढेको छ। आयातभन्दा निर्यातको आकार धेरै कम छ।

गत आर्थिक वर्षको नौ महिनाको तुलनामा यसपालि निर्यातको वृद्धिदर केही उत्साहजनक देखिएता पनि व्यापार घाटाको अंक बढ्दै गएको छ। यो अवधिमा नेपालको निर्यात व्यापार गत वर्षको तुलनामा १८.४६ प्रतिशतले बढेर दुई खर्ब २२ अर्ब ९३ करोड ६२ लाख रुपैयाँ पुगेको छ। गत वर्ष सोही अवधिमा यस्तो निर्यात एक खर्ब ८८ अर्ब १९ करोड ५० लाख रुपैयाँ थियो।

आयात व्यापारमा पनि १३.८२ प्रतिशतको वृद्धि भई १४ खर्ब ९० अर्ब ४९ करोड ८८ लाख रुपैयाँ पुगेको छ। गत वर्षको नौ महिनामा १३ खर्ब नौ अर्ब ५३ करोड २८ लाख रुपैयाँ बराबरको वस्तु आयात भएको थियो।

आयातको तुलनामा निर्यातको वृद्धिदर उच्च देखिएकाले आयात-निर्यात अनुपातमा ३.९२ प्रतिशतले सुधार आई ६.६९ मा झरेको छ। यसले गत वर्ष ६.९६ रुपैयाँको आयात गर्दा एक रुपैयाँको निर्यात हुने गरेकामा यसपालि उक्त अनुपात केही घटेको छ।

यो अवधिमा नेपालको कुल वैदेशिक व्यापार १४.४० प्रतिशतले बढेर १७ खर्ब १३ अर्ब ४३ करोड ५० लाख रुपैयाँ पुगेको छ। कुल वैदेशिक व्यापारमा निर्यातको हिस्सा केही सुधार भई १३.०१ प्रतिशत पुगेको छ। आयातको हिस्सा सामान्य घटेर ८६.९९ प्रतिशत कायम भएको छ।

भन्सार विभागको तथ्यांकले नेपालको वैदेशिक व्यापारको आकार विस्तार भइरहेको र निर्यातको हिस्सामा क्रमिक सुधार भएको देखाएको छ। तर, ठूलो अंकको व्यापार घाटा अझै अर्थतन्त्रको प्रमुख चुनौतीका रूपमा छ।

**यी हुन् धेरै आयात भएका पाँच वस्तु**

चालु आर्थिक वर्ष २०८२/८३ को नौ महिनाको अवधिमा सबैभन्दा धेरै डिजेल आयात भएको छ। भन्सार विभागले सोमबार (बैशाख ७) प्रकाशित विवरण अनुसार नौ महिनामा एक खर्ब ३ अर्ब ३१ करोड बढीको डिजेल आयात भएको छ। उक्त अवधिमा १० लाख ३५ हजार ३३ किलोलिटर डिजेल आयात भएको छ। जसबाट सरकारले ४२ अर्ब ५१ करोड ९२ लाख बढी राजस्व उठाएको छ।

दोस्रोमा कच्चा सोयाविनको तेल आयात भएको विभागको तथ्यांक छ। नौ महिनामा ५९ करोड ८४ लाख ६८ हजार २१५ लिटर कच्चा सोयाविन तेल आयात भएको विभागको तथ्यांक छ। जसबाट ९६ अर्ब ७२ करोड २९ लाख २६ हजार रुपैयाँ विदेशिएको छ। आयात बापत सरकारले ४ अर्ब २३ करोड १० लाख १४ हजार रुपैयाँ बढी राजस्व संकलन गरेको छ।

यस अवधिमा आयात हुने तेस्रो स्थानमा पेट्रोल रहेको विभागको तथ्यांक छ। पाँच लाख ६८ हजार ३६६ किलोलिटर पेट्रोल आयात भएको तथ्यांकले देखाउँछ। जसबाट ५० अर्ब ३९ करोड ५९ लाख ६७ हजार रुपैयाँ बाहिरिएको छ।

» बाँकी ३ पेजमा


**हार्दिक बधाई तथा शुभकामना**



**याम बहादुर जि.सी.**
**अध्यक्ष**

हालै सम्पन्न पश्चिमाञ्चल यातायात व्यवसायी समिति, प्रधान कार्यालय बुटवलको २५औं वार्षिक साधारणसभा तथा १४औं अधिवेशनबाट यस संस्थाका शुभचिन्तक **श्री यामबहादुर जिसी** अध्यक्ष पदमा, **गणेश घिमिरे** वरिष्ठ उपाध्यक्ष पदमा, **बसन्ती आले** उपाध्यक्ष (रुपन्देही) **राजकुमार लामा** उपाध्यक्ष (रुपन्देही) **कृष्ण बहादुर कंडेल** उपाध्यक्ष (नवलपरासी) **पर्शुराम भण्डारी** उपाध्यक्ष (नवलपुर) **युवराज पन्थ** उपाध्यक्ष (काठमाडौं) **निरज के.सी.** उपाध्यक्ष (गुल्मी, पाल्पा, स्याङ्जा) **उज्वल के.सी.** उपाध्यक्ष (कपिलवस्तु, अर्घाखाँची ) **डिल्लीराम रिजाल** उपाध्यक्ष खुल्ला, **बसन्त खड्का** महासचिव, **भूमिराम गैरे** सचिव, **काशिनाथ पोखरेल** कोषाध्यक्ष तथा **प्रदीप पन्थी, किशोर पंगेनी, खिमप्रसाद भुसाल, बेलबहादुर खड्का, खेमलाल पौडेल, भोजराज भुसाल, प्रेम वि.क.,विकास अग्रहरि, विकास शर्मा आचार्य, सुरज गुप्ता कार्यकारी सदस्य पदमा** निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई ज्ञापन गर्दै सिर्जनशील कार्यकालको शुभकामना व्यक्त** गर्दछौं।

**मोहन भुसाल**
**अध्यक्ष**

**राष्ट्रिय यातायात उद्यमशील मजदुर भलाईकोष परिवार**
बुटवल, दिपनगर

## सम्पादकीय

# पारदर्शी बन्ने बाटो

सूचना नागरिकको अधिकार हो । सही सूचना छिटो प्राप्त गर्दा समाज लयमा अघि बढ्छ । अझ सरकारी निकायले दिने सूचनाले सरकार र नागरिकबिचको सम्बन्धलाई जोड्छ । सरकारी निकायले सही सूचना प्रवाह छिटो छरितो गर्दा पारदर्शी बन्न सघाउ पुऱ्याउँछ ।

नागरिकलाई सही सूचना छिटो छरितो उपलब्ध गराउन र सरकारी निकायलाई पारदर्शी बनाउन राष्ट्रिय सूचना आयोगले हरेक सरकारी कार्यालयले वेबसाइट अनिवार्य बनाएर नियमित कार्यालयका सूचना अपलोड गर्न, सूचना अधिकारी र प्रवक्ताको ईमेल र फोन नम्बर अनिवार्य राख्न पटक–पटक निर्देशन दिएको छ । आयोगको यो निर्देशनको पालना गर्न अझै सरकारी कार्यालय हिच्किचाइरहेका छन् । अधिकांश स्थानीय तहले वेबसाइट निर्माण गरी अपडेट गरिरहेको पाइन्छ, तर संघीय र प्रदेश सरकार मातहतका कार्यालयमध्ये कतिपयको वेबसाइट निर्माण भएको छैन भने कतिपयको अपडेट हुँदैन, जतिको छ पर्याप्त सूचनाको अभाव छ । लुम्बिनी प्रदेशको कुरा गर्ने हो भने मन्त्रालयहरुको वेबसाइट अपडेट भइरहेको छ, तर मातहतका कार्यालयको वेबसाइट अपडेट भइरहेको देखिँदैन । पालिकाहरुको वेबसाइट अपडेट छ, तर वेबसाइटमा प्रवक्ता र सूचना अधिकारीको फोन नम्बर र इमेल अनिवार्य राख्नुपर्ने सूचना आयोगले निर्देशन गरेको भए पनि सूचना अधिकारी र प्रवक्ताको इमेल र फोन नम्बर राखेको पाइदैन ।

सरकारी कार्यालयको काम सेवाप्रवाह प्रभावकारी बनाउने हो । नागरिकको हित र उन्नतीका लागि काम गर्ने हो । सरकारले गर्ने काममा जबसम्म नागरिकलाई जोड्न सक्तैनन्, ती कामप्रति नागरिकको अपनत्व हुन सक्तैन् । नागरिकको अपनत्वको लागि सूचना नियमित हुन आवश्यक छ । सरकारी कार्यालयका कामबारे जानकारी पाउँदा सरकारका काम कारबाहीबारे जानकारी हासिल गरी सकारात्मक सन्देश प्रवाह गर्न सक्छन्, कतिपय कमजोरीमा निगरानी गरी खबरदारी गर्न सक्छन् ।

राष्ट्रिय सूचना आयोगले पटक–पटक भन्दै आएको यो कामलाई नियमित गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सोमबार सरकारी मोबाइल कार्यालय समयमा अनिवार्य उठाउन सबै कार्यालय प्रमुख र प्रवक्तालाई निर्देशन दिएको छ । कार्यालय प्रमुख, प्रवक्ता र सूचना अधिकारीले कार्यालयको मोबाइल फोन कम्तिमा कार्यालय समयमा अनिवार्य उठान निर्देशन दिएको छ । सरकारी निकायको वेबसाइटमा कार्यालय प्रमुख, प्रवक्ता र सूचना अधिकारीको विवरण अद्यावधिक गर्न र कार्यालयको टेलिफोन तथा मोबाइल नउठ्ने गरेको गुनासो अन्त्य गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दिएको निर्देशन कार्यान्वयन भए सरकारी निकायलाई नागरिकसँग जोड्ने राम्रो पुल बन्ने छ । प्रधानमन्त्री कार्यालयले लिएको पहलकदमीले सकारात्मक प्रभाव पार्ने आशा गर्न सकिन्छ ।

# नीति सिद्धान्त कार्यक्रममाथि बहस त्यसपछि मिलन र एकताका कुरा....



झपेन्द्र जिसी

जेनजीहरुको शान्तिपूर्ण जुलुसमा टिओबीधारीहरुलाई डाक्ने बोलाउने र ताण्डव नृत्य गराउनेको छानविन खोई ? छानबिन गर गराऊ । अहिले कांग्रेस पनि विभाजित मनस्थितिमा छ । विभाजित नभएको राम्रो । सिद्धान्त विचार व्यवहार मिल्दैन भने विभाजित राम्ररी अघि बढे राम्रो !

मिलन विछोड मानव जीवनको अभिन्न र अनिवार्य सर्त हुँदोरहेछ । यस धर्तीमा कति जन्मे कति मरे सबैले जानेकै कुरा हो । यसको अभिलेख छैन । प्राणी जगतको कुरा पनि यही हो । भाग्य र दुर्भाग्यको शासन यसमा छैन ।

मानव समुदायको स्वार्थहरु, इच्छा-आकांक्षाहरुको मेल हुञ्जेलसँगै बस्छन् । स्वार्थहरु नमिलेपछि छुट्टिभिन्न हुन्छन् । यति मात्र कहाँ होर ? सबैले देखेकै जानेकै भोगेकै कुरा हो, अग्नि साक्षी राखी विवाह बन्धनमा बाँधिएका पति पत्नीका बीचमा पनि सम्बन्धविच्छेद हुन्छ। यस्तो किन हुन्छ ? स्वार्थ नमिलेर। यसरी नै एउटै आमाको पेटबाट जन्मेका तिनै आमाको लान्द्रो (स्तनपान) चुसेर हुर्केका बढेका, समरथजमडल्ल भएका सन्तान छुट्टिभिन्न भई अलग चुलोचौको चलाउँछन् । यति मात्र कहाँ हो र दाइले भाइलाई, भाइले दाइको वा दिदीबहिनी समेतको हत्या र दिदी बहिनीले बाबु आमाको र दाजुभाइको हत्या समेत गर्दछन् । सुन्दा पनि आँगै जिरिङ्ग गर्ने कुरा यी सबै प्रवृत्तिगत खराबी हुन् वा प्रवृत्तिगत स्वभाव हुन् । अब यो कलम राजनीतिक इतिहासतर्फ अघि बढ्छ । राजनीतिक, संगठन प्रणालीले पनि हाम्रो देश नेपालमा त्यस्तै भोग्दै, व्यहोर्दै आएको छ ।

नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीको जन्म सँगसँगै जस्तो भएको हो । कम्युनिष्ट मनधारीहरु शुरुमा सबै कांग्रेसमा आबद्ध भएका थिए । तर ७/८ महिनाभित्र कांग्रेस पार्टीमा सामन्तहरु र पूँजीवादीहरुको हैकम भएको र यो पार्टीले श्रमिक किसानको हितभलो गर्न कदापि सक्दैन भनी पुष्पलालले कांग्रेस परित्याग गरी २२ अप्रिल १९४९ मा नेपाल कम्युनिष्ट पार्टी स्थापना गरेको इतिहास छ । त्यसो त यी भन्दा पहिले नेपाल प्रजापरिषद् पार्टी स्थापना भई आन्दोलन गरिसकेको थियो । यी दुई पार्टीहरु स्थापना भएपछि क्रमशः संगठन विस्तार र आफ्नो विचार सिद्धान्त विस्तार र प्रचारमा लाग्दै रहे । सुरुमै मातृका कांग्रेस डिल्लीरमण रेग्मी कांग्रेस विभाजन भई संगठन गर्न थाले । पछि स्वार्थ मिलन हुँदा एकीकृत भए ।

यता २०१० सालसम्म एकीकृत रहेको कम्युनिष्ट पार्टीमा डा. केशरजंग रायमाझीको प्रवेशपछि राजावादी प्रवृत्ति बढ्दै जाँदा तेस्रो राष्ट्रिय महाधिवेशन (२०१९) तुल्सीलाल महासचिव भए, राजावादी केशरजङ्गहरुलाई हटाए पनि पार्टी अघि बढ्न सकेन ।

२०१७ सालमा राजा महेन्द्रले संसदीय प्रणालीको अन्त्य गरी जनअधिकारबाट जनतालाई वञ्चित गरी पार्टीहरु माथि प्रतिबन्ध पनि लगाए ।

२०२५ सालमा पुष्पलालले बनारसमा तेस्रो सम्मेलन गरी पार्टी पुनव्र्यवस्थापन र पुनर्गठन गर्न थाले । सशक्त रुपमा पुनर्गठन हुन सकेन । एकातिर टाल्दा अर्कोतर्फ चुहुन थाल्यो । मोहन विक्रम सिंह लगायतले २०२४ तिरै अर्को पार्टी गठन गरे । क्रमशः नेतापिच्छे कम्युनिष्ट पार्टी गठन गर्न थाले । यथा विष्णु बहादुर मानन्धरको नेकपा, निर्मल लामाको नेकपा यस्तै यस्तै आदि इत्यादि ।

मोहन विक्रमले नेतृत्व गरेको नेकपा विक्रमको चौथो दशकमा आइपुग्दा त निर्मल लामाको मोटो मशाल पुन, मोहन विक्रमको पातलो मशाल अनि फेरि मोटो मशालमा पुष्प कमल दाहालले प्रवेशपछि नेकपा माओवादी बनाएर जनविद्रोहको नाममा मुलुकमा हिंसात्मक युद्ध भयो । भनिन्छ १७ हजार मानिसको हत्या भयो ।

मदन भण्डारीको नेतृत्वमा रहेको नेकपा (माले) ले चौथो महाधिवेशन गरी ५औं राष्ट्रिय महाधिवेशन २०४९ सम्म आइपुग्दा मनमोहन अधिकारी, सहाना प्रधान नेतृत्वको कम्युनिष्ट पार्टीसँग एकता गरी नेकपा एमाले निर्माण गऱ्यो ।

यो पार्टीको जनताको बहुदीय जनवादी कार्यक्रम र सिद्धान्त अनुसार २०४६ सालको राजाको हुकुमी निर्दलीय पंचायतलाई अन्त्य गर्न सबै पार्टीहरुसँग मिलेर आन्दोलनमा होमियो । २०५१ सालको निर्वाचनमा सबैभन्दा बढी संसद सीट जितेर संसदमा सबैभन्दा ठूलो पार्टीको हैसियतले सरकार गठन गऱ्यो ।

मनमोहन अधिकारी प्रधानमन्त्री, गृहमन्त्री केपी शर्मा ओली र रक्षा मन्त्री माधव नेपाल रहेको यो पार्टीले जनताको जीवनलाई उत्थान गर्ने खालका निकै धेरै लोकप्रिय कार्यक्रम अगाडि साऱ्यो र ९ महिनासम्म कार्य सम्पादन गर्दै गरेको लोकप्रिय सरकारलाई नेकाले अन्य पार्टीसँग गठबन्धन गरेर सरकारलाई ढालियो ।

यो सरकारलाई ढालेपछि नेपाली राजनीतिक क्षितिजमा काला बादल लाग्न थाले । २०५२ साल फागुन १ गते सुरु भएको माओवादी जनयुद्धको क्रममा सरकार पक्षका पुलिस, आर्मी, माओवादी पक्षका नेता कार्यकर्ता समर्थकहरु, एमाले र कांग्रेसका नेता, कार्यकर्ता र समर्थक जनता र यसरी नै व्यवसायीहरु, शिक्षकहरु, निर्दोष सर्वसाधारण र जनताहरु समेत १७ हजारको ज्यान गयो भन्ने तथ्यांक छ ।

कालगतिले मर्नु स्वाभाविकै हो । राम्रो औषधोउपचार भएमा काललाई पनि जित्न सकिन्छ । काल समेतलाई जित्ने समाज निर्माण गर्नु मानव अभीष्ट हो । पार्टीहरुको अभीष्ट हुनु पर्दछ । कम्युनिष्ट पार्टीको अभीष्ट (लक्ष्य) हुनु पर्छ । हत्या हिंसा गर्ने लक्ष्य वा अभीष्ट त हुनै हुँदैन ।

यसरी ७५ वर्षसम्मको सुनौलो इतिहास निर्माण गरिसकेका पार्टीहरुलाई २०८२ भाद्र २३ र २४ को जेनजी नामक विद्रोहको हत्या, हिंसाबाट सत्ताच्यूत गरायो भने २०८२ फागुन २१ गते भएको निर्वाचनले पनि उक्सिन दिएन । सरकार र सत्ताबाट बाहिरै परे किन ? यो लेखाजोखाको विषय हो ।

टिओबी भेष्टधारी को हुन् ? यी कसका नेता वा कसका सुरक्षा गार्ड हुन् । जसले हत्या, हिंसा गराउन राष्ट्रिय सम्पदा जलाउने काम गरे ।

भन्छन्- यी त तिब्बतलाई स्वतन्त्र बनाउन (फ्रिटिवेट) बनाउन नेपालमा शरणार्थीका रुपमा बसोबास गर्दै आएका दलाइ लामा समर्थक हुन् । नेपाल एक चीन नीतिमा अडिक भन्छन् । तर यी शरणार्थीलाई हाम्रा नानीबाबुको शान्तिपूर्ण आन्दोलनमा कसले तानेर ल्यायो । यदि यस्तो हो भने अन्त्यमा नेपाल सरकारले नेपालबाट यिनलाई खेदनुपर्छ नेपालमा बसेर नेपालमै विध्वंस गर्दै बस्न पाइँदैन मूर्दावाद भन्नुपर्छ ।

हामी नेपालीको एउटा नराम्रो स्वभाव छ । स्वार्थ मिल्यो भने देशघाती देशहरु साम्राज्यवादीलाई पनि स्वागत गर्ने बधाई भन्ने । स्वार्थ मिलेन भने मात्रै उही मान्छेले उही मुखले मूर्दावाद भन्ने ।

जेनजीहरुको शान्तिपूर्ण जुलुसमा टिओबीधारीहरुलाई डाक्ने बोलाउने र ताण्डव नृत्य गराउनेको छानविन खोई ? छानबिन गर गराऊ । अहिले कांग्रेस पनि विभाजित मनस्थितिमा छ । विभाजित नभएको राम्रो । सिद्धान्त विचार व्यवहार मिल्दैन भने विभाजित राम्ररी अघि बढे राम्रो !

कम्युनिष्टतर्फको कुरा गर्दा नेपाली कम्युनिष्टतर्फ धेरै नेता भए जस्तो देखिन्छ । अब बुढाबा, हजुर बा मात्रै भएर हुँदैन, ठाउँ डाँडेर नबसेकै राम्रो यता यसरी नै एमालेतर्फ र अन्य कम्युनिष्ट समूहहरु बुढाबा, हजुरबाहरुले ठाउँ डाँडेर नबसेकै राम्रो । बुढाबा मात्र होइन हाम्रा युवा नेता भन्नेहरुले पनि तातो रगत उमालेर मात्र हुँदैन, अध्ययनशील, परिश्रमशील र उत्पादनशील बनेर देखाउन जरुरी छ ।

विरोधका लागि विरोध गरेर हुँदैन । पुनर्व्यवस्थापन भनेको अध्यक्ष हटाऊ अभियान मात्र होइन । अन्य पदाधिकारीहरुले ख्याल गर, सुधार गर, आत्म समीक्षा गर । यति मात्र होइन, एउटै व्यक्ति पटकपटक संसद कति पटकपटक मन्त्री बन्ने ? कति पटक पार्टीको केन्द्रीय सदस्य बन्ने ? यो ख्याल गर्न पर्दैन ? तिमीहरु पनि ठाउँ डाँडेर नबस ।

अन्त्यमा कम्युनिष्ट एकता, वाम एकता नहोस् भनेको होइन, सबैभन्दा पहिले त केही हैन जनता र राष्ट्रको हितभलोको पक्षमा कार्यक्रम प्रस्तुत गर । जनताले फलना नेता कार्यकर्ता सफा छ, पारदर्शी छ, इमान्दार छ भनेर छर्लङ्ग पारेर व्यवहारमा देखाऊ ।

# भान्साको औषधि लसुनका ७ प्रमुख फाइदा, कसरी खाने ? के-के सावधानी अपनाउने ?



लसुन हाम्रो भान्सामा दैनिक प्रयोग हुने मसला मात्र होइन, अत्यन्तै गुणकारी औषधीय तत्व पनि हो । विशेषगरी लसुनलाई काटेर (चोप गरेर) करिब ५ मिनेट राखेपछि खानु स्वास्थ्यका लागि धेरै लाभदायक मानिन्छ । यसको कारण लसुनभित्र हुने प्राकृतिक रासायनिक तत्व हो, जसले हाम्रो शरीरलाई विभिन्न रोगबाट जोगाउन मद्दत गर्छ ।

लसुन काट्दा वा कुट्दा त्यसमा रहेको 'अलिन' नामक तत्व सक्रिय भई 'अलिसिन' नामको शक्तिशाली यौगिक बन्छ । यही अलिसिनले लसुनलाई औषधीय गुण दिन्छ । तर, अलिसिन तुरुन्तै बन्दैन; लसुन काटेपछि करिब ५-१० मिनेट समय दिनुपर्छ ताकि त्यो राम्रोसँग बन्न सकोस् । यदि काट्नेबित्तिकै पकाइयो भने अलिसिन पूर्ण रूपमा बन्न पाउँदैन। त्यसैले लसुन काटेर केही समय छोडेपछि मात्र खानु वा पकाउनु राम्रो मानिन्छ ।

**लसुनका मुख्य फाइदाहरू:**

१. **रोग प्रतिरोधात्मक क्षमता बढाउँछः** लसुनले हाम्रो शरीरको इम्युन सिस्टम बलियो बनाउँछ । नियमित रूपमा लसुन खाँदा रुघाखोकी, ज्वरो र संक्रमण जस्ता समस्या कम हुन्छन्। यसमा एन्टिब्याक्टेरियल र एन्टिभाइरल गुण हुन्छन्, जसले हानिकारक जीवाणु र भाइरससँग लड्न मद्दत गर्छ ।

२. **मुटुको स्वास्थ्यका लागि लाभदायकः** लसुनले रक्तचाप (ब्लड प्रेसर) कम गर्न सहयोग पुऱ्याउँछ। उच्च रक्तचाप भएका व्यक्तिहरूले चिकित्सकको सल्लाहअनुसार लसुन सेवन गर्दा फाइदा पाउन सक्छन् । यसले खराब कोलेस्ट्रोल (एलडिएल) घटाउन र राम्रो कोलेस्ट्रोल (एचडिएल) सन्तुलनमा राख्न मद्दत गर्छ, जसले मुटुरोगको जोखिम कम गर्छ ।

३. **पाचन प्रणालीमा सुधारः**

लसुनले पाचन शक्ति बढाउँछ । यसले पेटभित्रका हानिकारक ब्याक्टेरियालाई नष्ट गर्न र असल ब्याक्टेरियालाई सन्तुलनमा राख्न मद्दत गर्छ। ग्यास, अपच र पेट फुल्ने जस्ता समस्यामा पनि लसुन उपयोगी हुन्छ ।

४. **मधुमेह नियन्त्रणमा सहयोगः**

केही अध्ययनले लसुनले रगतमा चिनीको मात्रा सन्तुलनमा राख्न सहयोग पुऱ्याउने देखाएका छन् । मधुमेहका बिरामीहरूले चिकित्सकको सल्लाह लिएर लसुन सेवन गर्नु लाभदायक हुन सक्छ ।

५. **एन्टिअक्सिडेन्ट गुणः**

लसुनमा प्रशस्त मात्रामा एन्टिअक्सिडेन्ट हुन्छ, जसले शरीरमा हुने 'फ्री रेडिकल्स'लाई नष्ट गर्न मद्दत गर्छ । यसले बुढ्यौली प्रक्रिया ढिलो बनाउन र दीर्घकालीन रोगबाट जोगाउन सहयोग पुऱ्याउँछ ।

६. **क्यान्सरबाट जोगाउन सहयोगः**

केही अनुसन्धानका अनुसार लसुनको नियमित सेवनले पेट र आन्द्रासम्बन्धी क्यान्सरको जोखिम घटाउन सक्छ । यद्यपि यसबारे थप अनुसन्धान आवश्यक छ, तर लसुनलाई स्वस्थ आहारको हिस्सा बनाउनु फाइदाजनक हुन्छ ।

७. **शरीर डिटक्स गर्न सहयोगः** लसुनले शरीरभित्र जम्मा भएका विषाक्त पदार्थ बाहिर निकाल्न र कलेजो (लिभर) को कार्य क्षमतामा सुधार गर्न मद्दत गर्छ ।

**कसरी खाने ?**

लसुनलाई साना टुक्रामा काटेर वा कुटेर कम्तीमा ५ मिनेट खुला छाडिदिनुहोस् । त्यसपछि काँचै खान सकिन्छ वा हल्का तातो परिकारमा मिसाएर सेवन गर्न सकिन्छ । बिहान खाली पेटमा एक-दुई केस्रा लसुन खानु धेरै लाभदायक मानिन्छ ।

**सावधानीः**

अत्यधिक लसुन सेवन गर्दा पेट पोल्ने, जलन हुने वा एलर्जी हुन सक्छ । रगत पातलो बनाउने औषधि खाइरहेका व्यक्तिले विशेष सावधानी अपनाउनुपर्छ । गर्भवती महिला वा दीर्घरोगीले सेवन गर्नुअघि चिकित्सकको सल्लाह लिनु राम्रो हुन्छ । स्वास्थ्य खबरबाट

# जेठ ४ सम्म रातिमा त्रिभुवन विमानस्थल बन्द



बुटवल । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सोमबारदेखि बिहान साढे ६ देखि राति पौने १२ सम्म मात्र खुल्ने भएको छ ।

आगामी जेठ ४ सम्म यही तालिकामा खुल्ने विमानस्थलका प्रवक्ता सन्तुष्टकुमार बस्नेतले जानकारी दिए । विमानस्थलको टर्मिनल महाशाखाका अनुसार पेभमेन्ट कन्स्ट्रक्सनको काम सम्पन्न गर्न यस्तो व्यवस्था गरिएको हो ।

महाशाखा प्रमुख इन्दु राज अधिकारीले यो अवधिभरि राति ११:४५ देखि बिहान ६:३० सम्म विमानस्थलको उडान अवतरण बन्द गर्ने नोटाम प्रकाशन गरिएको जानकारी दिए ।

# इरान युद्धले पेट्रोडलर प्रणाली कमजोर पार्दै छ



बुटवल। इरानसँगको युद्ध र मध्यपूर्वमा बढ्दो अस्थिरताले दशकौँदेखि चलिआएको पेट्रोडलर प्रणालीको आधारलाई कमजोर बनाउँदै लगेको छ।

अमेरिका ऊर्जामा आत्मनिर्भर बन्दै गएपछि र सुरक्षा प्रतिबद्धतामा विश्वसनीयता गुमाउँदै गर्दा खाडी राष्ट्रहरू आफ्नो आर्थिक तथा सुरक्षा रणनीति पुनर्मूल्याङ्कन गर्न बाध्य भएका छन्।

अमेरिकी आर्थिक प्रभुत्वको मुख्य स्तम्भ मानिने पेट्रोडलर व्यवस्था विघटनको संघारमा पुग्दा विश्वव्यापी वित्तीय बजारमा गम्भीर असर पर्ने देखिएको छ।

इरान युद्धले पेट्रोडलर प्रणालीको आधारबारे प्रश्न खडा गरेको छ। सन् १९७४ यता पेट्रोडलर प्रणाली अमेरिका र खाडी राष्ट्रहरूबिच आपसमा सुरक्षाका लागि तेलको सौदाबाजीको आधार बनेको थियो। ऊर्जा क्षेत्रमा अमेरिका आत्मनिर्भर बन्दै गएपछि यसअघि नै उसले खाडी क्षेत्रको तेल आयात ठुलो मात्रामा घटाइसकेको छ। अहिले आएर ट्रम्प प्रशासनले मध्यपूर्वको संवेदनशील तथा खतरानक क्षेत्रमा हात हालेर खल्बल्याउने प्रयास गरेको छ।

यस्तो घटनाले अब अमेरिका मध्यपूर्वमा सुरक्षाको जिम्मा लिने शक्ति रहेन भन्ने देखाउँदै छ, उल्टै अस्थिरता र द्वन्द्वको कारक बन्न थालेको छ। अबका दिनमा अमेरिका र खाडी मुलुकहरूबिचको पेट्रोडलर सम्झौता व्यवहारिक रूपमा काम नलाग्ने हुँदै छ।

अमेरिकाले आफ्नो पतनबाट गुमाउन धेरै बाँकी छ। सन् १९७१ मा ब्रेटन वुड्स प्रणालीको पतन तथा सन् १९७३ मा खाडी क्षेत्रले सिर्जना गरेको 'अयल शक' अर्थात् तेलको झट्कालगत्तै तत्कालीन अमेरिकी विदेशमन्त्री हेनरी किसिङ्गरले एउटा सम्झौता गराउन सफल भए। सोही सम्झौताको माध्यमबाट साउदी अरेबियाले विश्वलाई केवल अमेरिकी डलरमा मात्रै तेल बेच्ने गरेको थियो।

त्यसरी हुने व्यापारबाट प्राप्त रकम डलर एसेट्समै पुग्ने गर्थ्यो, त्यसको बदलामा साउदी अरबले अमेरिकाबाट सैन्य सामग्री तथा सुरक्षा सुनिश्चितता प्राप्त गर्ने गरेको थियो। सम्झौता एकखालको कूटनीतिक 'कू' नै थियो, जसले अरब राज्य र अन्ततः अन्य खाडी देशहरूलाई पनि अमेरिकाको साझेदारको परिधिमा तानेर ल्याइदियो। त्योभन्दा पनि महत्त्वपूर्ण त उक्त सम्झौताले अमेरिकी सैन्य उत्पादन तथा डलर एसेट्सहरूको ठुलो माग सिर्जना गरिदियो, जसले गर्दा अमेरिकी अर्थतन्त्र सहज अवस्थामा रहन पाउने भयो।

साथै सुनसँगको सम्बन्ध तोडेर विल्कुल कागजी मुद्रा अर्थात् 'फियाट करेन्सी'मा गएको अमेरिकाले परिवर्तित अवस्थामा पनि आफ्नो मुद्राको माग सुरक्षित राख्न सम्भव भयो।

बेलायतको अग्रणी लगानी कम्पनी 'पील हन्ट'का प्रमुख अर्थशास्त्री कालुम पिकरिङका अनुसार 'पेट्रोडलर प्रणाली अमेरिकाको आर्थिक मोडेलको केन्द्रबिन्दु नै थियो, जसले कम लागतको पुँजी उपलब्ध गराएर अमेरिकी नवप्रवर्तन तथा आर्थिक वृद्धि धानेको थियो।'

पेट्रोडलर सम्झौताले धेरै दशकसम्म राम्रै गरी काम गर्‍यो। इरान युद्ध सुरु हुनुअघि नै यसका केही पूर्वाधारहरू भने कमजोर हुँदै जान थालिसकेका थिए। सन् १९७० को दशकताका अमेरिका विश्वकै सबैभन्दा बढी कच्चा तेल खरिदकर्ता थियो। सन् २०१०को दशकसम्म आइपुग्दा तेल खानी उत्खननमा देखिएको 'शेल' क्रान्तिले गर्दा नाटकीय रूपमा अमेरिकामै घरेलु उत्पादन विस्तार हुन थाल्यो। फलतः आयातित ऊर्जाका लागि अमेरिकी माग घट्न थाल्यो। सन् २०१७ सम्म आउदा कच्चा तेल आयातकर्ताका रूपमा चीनले अमरिकालाई उछिन्यो।

अमेरिकी नियत स्पष्ट छ, उसले आफ्नो प्रत्यक्ष नियन्त्रणभन्दा बाहिर रहेको ऊर्जा आपूर्तिमा निर्भरता घटाउन खोजेको छ। खाडी देशहरूका लागि यसको अर्थ अमेरिकाको भन्सार अब उस्तै रहँदैन भन्ने हुन्छ।

न्ततः सन् २०२० मा आइपुग्दा अमेरिका पहिलो पटक जीवाष्म इन्धनको खुद निर्यातकर्ता बन्न पुग्यो, अर्थात् अमेरिकी आयातभन्दा निर्यात बढी हुन थाल्यो। ऊर्जा क्षेत्रमा ट्रम्प प्रशासनले अघि सारेको ऊर्जा प्रभुत्वको नीति अन्तर्गत अन्तर्राष्ट्रिय ऊर्जा बजारहरूबाट अमेरिकाको निर्यात व्यापक रुपमा बढ्ने छ। अमेरिकी राष्ट्रपतिले मुलुकभित्र तेल उत्खनन् र प्रशोधन क्षेत्रको विकासलाई प्रोत्साहित गर्न भूमि कानुन तथा उत्खनन अनुमति प्रणाली धेरै खुकुलो बनाएका छन्। साथै यो वर्षको सुरुवातमै भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोलेलाई जबर्जस्ती अपदस्त गरेपछि अमेरिकी तेल कम्पनीहरू त्यहाँका ऊर्जा स्रोतहरू पनि लिन तयार भएर बसेका छन्।

जारी युद्धले पेट्रोडलर सम्झौता एउटा महत्त्वपूर्ण आधारका रूपमा रहेको सुरक्षा व्यवथामा पनि प्रहार गरेको छ। खाडी क्षेत्रका अमेरिकी साझेदार मुलुकहरूलाई इरानको आक्रमणबाट जोगाउने भनिएको अमेरिकी प्रतिरक्षा छाता कमजोर देखिएको छ। यस क्षेत्रमा दर्जनौँ मानिस मारिएका छन्। असाध्यै महत्त्वपूर्ण पूर्वाधारमा क्षति पुगेको छ। इरानले खाडी क्षेत्रका ऊर्जा उत्पादन केन्द्रहरूलाई प्रभावकारी रूपमा निशाना बनाएको छ। कतारको रास लाफानमा रहेको प्राकृतिक ग्यास उत्पादन केन्द्रमा भएको आक्रमणले त्यहाँका सम्पूर्ण ग्यास उत्पादन क्षमताको लगभग २० प्रतिशत भागमा क्षति पुर्‍याएको छ, सो क्षति आउँदो पाँच वर्षसम्म रहने अनुमान गरिएको छ।

यो समस्या अब खाडी क्षेत्रको सुरक्षामा अमेरिकी क्षमताको असफलतामा मात्रै सीमित छैन, जारी युद्धले राष्ट्रपति डोनाल्ड ट्रम्पको समयमा पेट्रोडलर व्यवस्थासँग सम्बन्धित धेरै गम्भीर एवम आधारभूत प्रकृतिका समस्याहरू उजागर गरेको छ।

इजरायलसँगै अमेरिका पनि द्वन्द्वमा आक्रामणकर्ताकै रुपमा थियो। आफ्ना क्षेत्रीय सहयोगीहरूलाई समेत थाहै नदिई एवं उनीहरूको हितको बेवास्ता गर्दै अमेरिकाले आफुखुशी युद्ध चलायो। अब युद्ध सकिएपछि क्षतिको गणना भने उनीहरू आफैले गर्नुपर्ने हुन्छ र सायद आक्रमणको प्रत्यक्ष लागतभन्दा पनि खराब प्रभाव त्यहाँको आर्थिक मोडेलमा देखिनेछ।

खाडी देशहरूले अन्तर्राष्ट्रिय वित्त, व्यापार तथा प्राविधिकका लागि समृद्ध हब बन्ने ध्येयसाथ ऊर्जाको निर्यातबाट अर्थतन्त्रमा विविधीकरण गर्ने योजना बनाएका थिए। अबका प्रत्येक युद्धका झट्काहरूसँगै त्यस्तो सम्भावना कम हुँदै हुन्छ।

'रणनीतिक एवं अन्तर्राष्ट्रिय अध्ययन केन्द्र'का आर्थिक सुरक्षा तथा प्रविधि विभागका अध्यक्ष नवीन गिरिशङ्कर भन्छन्, 'खाडीको मुख्य आर्थिक सम्पत्तिहरू निरन्तर आक्रमणमा पर्दै गर्दा लामो समयदेखि कायम रहेको भनिएको अमेरिकी सुरक्षा प्रतिबद्धताहरूको विश्वसनीयता खस्किएको छैन भनेर सोच्न गाह्रो छ।'

अमेरिकामा भर परेको सुरक्षा व्यवस्था अब उल्टै बोझजस्तो देखिन थालेको छ। 'डोयचे बैंक' मा संलग्न मल्लिका सचदेवाका अनुसार 'खाडी राष्ट्रहरूले अमेरिकासँगको आफ्नो सुरक्षा सम्बन्धको पुनर्मूल्याङ्कन गर्न सक्छन्। उनीहरूले आफ्नो रक्षा व्यवस्थालाई विविधीकरण र स्थानीयकरण गर्न सक्छन्। साथै त्यो उद्देश्य पूरा गर्न आफ्नो पर्याप्त डलर सञ्चितिको प्रयोग गर्न सक्छन्।'

खाडी क्षेत्रका अर्थतन्त्रहरूले अमेरिकी 'ट्रेजरी मार्केट'मा जापान वा चीनको जत्ति लगानी नगरेको हुन सक्छ तथापि उनीहरूको महत्व भने कम छैन। अमेरिकी आधिकारिक तथ्यांकहरू अनुसार नै गत जनवरीको अन्त्यमा साउदी अरब र संयुक्त अरब इमिरेट्सले संयुक्त रूपमा अमेरिकी धितोपत्र ऋण बजारमा लगभग २ सय ५० अर्ब डलर हालेका थिए।

यो आंकडामा अन्य खाडी देशहरूले कायम राखेको होल्डिङ तथा यस क्षेत्रका अन्य अमेरिकी एसेटहरूको पोर्टफोलियो होल्डिङहरू भने समावेश भएका छैनन्। त्यस्ता होल्डिङगरु लिक्विडेशनको जोखिममा छन्।

प्रणालीको स्थापनाको पछाडि अमेरिकाले भरपर्दो सुरक्षाको बदलामा खाडीको तेल किन्नेछ अवधारणा थियो। अहिले ट्रम्पको नेतृत्वमा अमेरिकाले उर्जाको आयात नै कम गर्दैछ। साथै आफ्ना साझेदार तथा सहयोगीहरूलाई सुरक्षा प्रदान गर्न चासो पनि नदेखाएको भान हुन्छ। वास्तवमा, यो आफ्नो संकीर्ण स्वार्थका लागि विश्वव्यापी सुरक्षालाई कमजोर पार्न तयार देखिन्छ।

पेट्रोडलर प्रणाली अहिले साँच्चिकै अप्ठेरोमा छ। गत ५० वर्ष यता अभ्यासमा रहेको डलरलाई अमेरिकी धितोपत्र बजारमा घुमाउने तथा अमेरिकी पुँजीबजारलाई सघाउने व्यवस्था पनि अप्ठेरोमा पुगेको छ। र, यी सबै परिघटनासँगै अमेरिकी आर्थिक सर्वोच्चताको अर्को स्तम्भ पनि विघटन हुँदैछ।

# एक सय १० मेगावाटको दुधकोशी पाँचौं निर्माण हुने

काठमाडौँ। सोलुखुम्बु जिल्लाको दुधकोशी नदीमा ११० मेगावाटको दुधकोशी पाँचौं जलविद्युत् आयोजना निर्माण हुने भएको छ।

यहाँको माप्य दुधकोशी गाउँपालिका-२, ३, ४, ६ र ७ मा आयोजनास्थल रहनेगरी सो आयोजना प्रस्ताव गरिएको हो। आयोजनाको विद्युतगृह माप्य दुधकोशी गापा-४ काँकुखोला र दुधकोशी नदीको सङ्गमबाट ७३० मिटर माथि रहनेछ।

आयोजना निर्माण सम्पन्न भएपछि राष्ट्रिय प्रसारण प्रणालीमा ६१७.८६ गिगावाट घण्टा प्रतिवर्ष विद्युत् आपूर्ति हुनेछ। निर्माणको चरणमा ६० दक्ष, १५० अर्धदक्ष र ३५५ अदक्ष जनशक्तिले रोजगारी प्राप्त गर्नेछन्।

विद्युत् विकास विभागले सो आयोजनालाई अर्ध जलाशययुक्त प्रकृतिमा निर्माणका लागि यसअघि नै सहमति प्रदान गरिसकेको छ। इन्डेपेन्डेन्ट पावर कम्पनी नेपालले सो आयोजना निर्माण गर्ने जनाइएको छ।

आयोजनाको यसअघि नदी प्रवाही आयोजनाका रूपमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार भएको भए पनि पछिल्लोपटक अर्धजलाशय प्रकृतिमा निर्माण गर्ने भएपछि पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्न लागिएको छ। वन तथा वातावरण मन्त्रालयले आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कनका लागि आवश्यक सुझाव उपलब्ध गराउन आग्रह गरेको छ।

आयोजनाको ग्रस हेड २३७.९ मिटर र रेटेड नेट हेड २२२.३ मिटर रहेको छ। आयोजनाको संरचना निर्माणका लागि २५.२८ हेक्टर सामुदायिक वन क्षेत्रबाट दुई हजार ४५९ वटा खोटेसल्ला, बाँझ, चिलाउने, उत्तिस, मौवा, मलाट, भलायो, जामुख आदि प्रजातिका रुख काट्नुपर्नेछ।

आयोजनाबाट उत्पादित बिजुली नयाँ खिम्ती सबस्टशेन देवीटार दोलखामा जोडिने आयोजनाले जनाएको छ।

आयोजनाको कुल लागत १९ अर्ब ११ करोड रुपैयाँबराबर रहनेछ। प्रवर्द्धक कम्पनीका अनुसार प्रतिमेगावाट लागत २० करोड रुपैयाँबराबर रहेको छ।

आयोजना पाँच वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

---

### विवादै...

प्रधानमन्त्री शाहले श्रमन्त्रीबाट साहलाई हटाएका थिए भने स्वास्थ्यमन्त्री मेहतालाई सचेत गराएका थिए।

अहिले गृहमन्त्री विवादमा तानिएका छन्। सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा पक्राउ परेका व्यवसायी दिपक भट्टसँग उनको व्यापारिक साझेदारी रहेको समाचार आएका छन्। त्यस्तै, जेनजी आन्दोलनपछि खरिद गरेको शेयरबारे सम्पत्ति विवरणमा नखुलाएको आरोप लागेपछि उनी अप्ठारोमा परेका छन्। सोमबार गृहमन्त्री गुरुङले सामाजिक सञ्जालमार्फत प्रष्टीकरण दिँदै आफूले गल्ती नगरेको दाबी गरेका छन्।

पार्टीको निर्णय मान्ने र आवश्यक छानबिनका लागि सघाउने बताएका छन्। उनले भनेका छन्-'म यस विषयमा पार्टीले गर्ने हरेक निर्णयको पूर्ण रूपमा पालना गर्नेछु र अनुसन्धानमा आवश्यक सहयोग गर्न तयार छु।'

यसअघि सोमबार बिहान उनले रास्वपा सभापति रवि लामिछानेलाई भेटेका थिए। लामिछानेसँगको भेटमा आफ्नो बारेमा आइरहेका विषयमा स्पष्ट पारेको जनाइएको छ।

विपक्षी दलले भने गृहमन्त्री गुरुङको राजीनामा मागेका छन्। नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले सोमबार प्रेस विज्ञप्ति जारी गरी गुरुङको राजीनामा माग गर्दै छानबिनका लागि सरकारसँग आग्रह गरेका छन्।

उनले विज्ञप्तिमा भनेका छन् -'नेपाली कांग्रेस सरकारसमक्ष स्पष्ट माग गर्दछ- गृहमन्त्रीसँग सम्बन्धित सम्पूर्ण आरोपहरूको स्वतन्त्र, निष्पक्ष र उच्चस्तरीय छानबिन प्रक्रिया तुरुन्त प्रारम्भ गरियोस्,' विज्ञप्तिमा भनिएको छ- 'यस विषयलाई ढिलासुस्ती, प्रभाव वा ढाकछोपतर्फ लैजाने कुनै पनि प्रयासले सुशासन, नैतिकता र जनविश्वासमाथि गम्भीर आघात पुर्‍याउनेछ।'

त्यस्तै, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले पनि गृहमन्त्री गुरुङमाथि छानबिन गर्न माग गरेका छन्। सोमबार काठमाडौँ आयोजित राप्रपाको कार्यक्रममा बोल्दै अध्यक्ष लिङदेलने यस विषयमा सरकार र रास्वपाले स्पष्ट पार्नुपर्नेमा जोड दिएका छन्।

'सुशासनको कुरा गर्ने गृहमन्त्रीको बारेमा अहिले सञ्चार माध्यममा जे आईराखेको छ, त्यसबारे सरकारले तत्काल आफ्नो धारणा स्पष्ट पार्नुपर्छ,' लिङ्देनले भने-'गृहमन्त्रीले आफ्नो पोशिजन क्लियर गर्नुपर्छ। पार्टी सभापतिले गृहमन्त्रीको बारेमा आफ्नो पोजिशन क्लियर गर्नु पर्छ।'

### व्यापार...

पेट्रोल आयातमार्फत् सरकारले ३२ अर्ब ३१ करोड पाँच लाख ९६ हजार राजस्व संकलन गरेको छ।

यस्तै स्पन्ज आइरन चौथो धेरै आयात हुने वस्तुमा परेको छ। नौ महिनाको अवधिमा करिब एक अर्ब केजी स्पन्ज आइरन आयात हुँदा ४२ अर्ब ६२ करोड ९४ लाख ६२ हजार रुपैयाँ विदेशिएको छ। स्पन्ज आइरन आयात बापत सरकारले ६ अर्ब दुई करोड ४१ लाख ९७ हजार रुपैयाँ बराबरको राजस्व उठाएको छ।

यस्तै, खाना पकाउने एलपी ग्यासको आयात पाँचौं स्थानमा रहेको विभागको तथ्यांक छ। यस अवधिमा ४१ करोड १० लाख ८१ हजार ४२४ केजी एलपी ग्यास आयात भएको छ।

सो बापत ४१ अर्ब ६४ करोड ९८ लाख ५६ हजार रुपैयाँ बढी रकम विदेशिएको छ। एलपी ग्यास आयात बापत सरकारले ७ अर्ब ७६ करोड ७९ लाख पाँच हजार बढी राजस्व संकलन गरेको विभागको तथ्यांकले देखाउँछ।

# गुल्मीमा चरा प्रजातिको संख्या ३५५ पुग्यो

गुल्मी। जिल्लामा फेलापरेका चरा प्रजातिको संख्या ३५५ पुगेको छ। पछिल्लो गणनाअनुसार ३० प्रजातिका नयाँ चरा थपिएसँगै जिल्लामा हालसम्म फेलापरेका चरा प्रजातिको संख्या ३५५ पुगेको हो।

नेपाल पन्छी संरक्षण सङ्घले जिल्लामा गरेको पछिल्लो गणनाको क्रममा थाप्ले सत्यवती वन क्षेत्रमा थप ३० प्रजातिका नयाँ चरा फेलापरेका हुन्। जिल्लाको रेसुङ्गा, मदाने र थाप्ले सत्यवती वन संरक्षण क्षेत्रमा गरिएको चरा सर्वेक्षणका क्रममा उक्त चरा फेलापरेको नेपाल पन्क्षी संरक्षण सङ्घका परियोजना अधिकृत शम्भु भट्टराईले जानकारी दिए।

यसअघि रेसुङ्गा र मदाने वन संरक्षित क्षेत्रमा वर्षमा दुईपटक चरा सर्वेक्षण गरिँदै आएको थियो। सर्वेक्षणका क्रममा नयाँ फेला परेका चरामा तिलहरी, मोटो ठूँडे, पुष्प कोकिला, उमाचाँचर, तिबिल्चे, मुरालिडे ढिकुरे भ्याकुर, निलो लघुपँख, हटचुर चाँचर, हलीमुख, सिम कुखुरालगायत रहेको परियोजना अधिकृत भट्टराईले जानकारी दिए।

गुल्मीको रेसुङ्गा, मदाने र थाप्ले सत्यवती क्षेत्र आजभोलि दुर्लभ चराको मुख्य बासस्थान बनेको छ। विश्वमा पाइने दुर्लभ चरामध्ये गुल्मीमा छ प्रजातिका चरा फेलापरेका हुन्।

दुर्लभ प्रजातिका चरामध्ये रेसुङ्गा वन संरक्षित क्षेत्रमा चिरकालीज, रणमत्त महाचिल, डङ्गर गिद्ध, सेतो गिद्ध, सुन गिद्ध र गोमायो माहाचिल रहेका छन्। नेपालमा मात्र पाइने चरा काँडे भ्याकुर जिल्लाको रेसुङ्गा, मदाने र थाप्ले सत्यवती वन क्षेत्रमा रेकर्ड गरिएको छ।

नेपालमा पाइने ९०३ प्रजातिका चरामध्ये गुल्मीमा विभिन्न प्रजातिका ४० प्रतिशत चरा फेलापरेको परियोजना अधिकृत भट्टराईले जानकारी दिए।

# नेप्से परिसूचक तेह्र अङ्कले घट्यो



काठमाडौँ। यस साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले घटेको छ। सोमबार नेप्से परिसूचक १३ दशमलव १७ अङ्कले घटेर दुई हजार ८२५ दशमलव २३ बिन्दुमा कामय भएको हो।

तीन सय ४९ कम्पनीको एक करोड १६ लाख ५३ हजार ३७० कित्ता सेयर एक लाख १६ हजार ३१० पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ४३ करोड ४२ लाख ४० हजार २७६ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

नेप्सेले कुनै कम्पनीको सेयर मूल्यमा १० प्रतिशतको घटबढ हुँदा 'सर्किट ब्रेक' लाग्ने व्यवस्थालाई परिमार्जन गरी १५ प्रतिशत बनाएको छ।

जसअनुसार सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड, होटल फरेस्ट इन लिमिटेड, पाल्पा सिमेन्ट इन्डस्टिज लिमिटेड र शिखर पावर डेभलपमेन्ट लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

कारोबारमा होटल तथा पर्यटन समूहको उपसूचक एक दशमलव ०१ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ।


वालिङ वचत तथा ऋण सहकारी संस्था लि.को

**जग्गा (घडेरी) बिक्री सम्बन्धी गोप्य शिलवन्दी बोलपत्र आह्वान ७ दिने सूचना**

**तेस्रो पटक सूचना प्रकाशित मिति : २०८३/०१/०८**

यस संस्थाको नाममा दर्ता रहेको तपशिलमा उल्लेखित जग्गा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलवन्दी बोलपत्रबाट बिक्री गरिने भएकाले न्यूनतम एकमुष्ट रकम रु. १,७८,२५,६८१।- (अक्षेरेपि एक करोड अठहत्तर लाख पच्चिस हजार छ सय एकासी मात्र ) नघट्ने गरी खरिद गर्न इन्छुक शेयर सदस्य/अन्य व्यक्ति/फर्म/संघ/संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ सात दिन (उक्त दिन सार्वजनिक विदा परेमा तत् पश्चात लगतै कार्यालय खुलेको दिन ) भित्र तपशिलमा उल्लेखित जग्गा (घडेरी खरिद गर्न चाहेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी वोलपत्र दाता व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपी सर्म्पकं विवरण र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, तथा संस्थागत प्रतिनिधित्वका लागि सञ्चालक समितिको निर्णय जस्ता आवश्यक अख्तियारी देखिने अद्यावधिक कागजातहरु सहित संस्थाको कार्यालयमा एकमुष्ट रकमको गोप्य शिलवन्दी वोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने, सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ। बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए वमोजिम हुनेछ।

**तपशिल**

**जग्गाधनीको नाम : वालिङ बचत तथा ऋण सहकारी संस्था लि.**

**बिक्री गरिने जग्गाको बिवरण**

**गण्डकी प्रदेश, स्याङजा जिल्ला, वालिङ नगरपालिका वडा नं ८ स्थित–**

| कित्ता नं | जग्गाको क्षेत्रफल |
|---|---|
| ३५४९ | ०-४-०-० |
| ३५४७ | ०-४-०-० |
| ३५४८ | ०-३-०-० |
| २२२५ | ०-५-२-० |
| | जम्मा क्षेत्रफल १-०-२-० |

**शर्तहरु**

१) निवेदन सुचना प्रकाशित मितिले ७ दिन भित्र यस कार्यालयमा आउनु पर्ने छ।
२) आवेदकहरुमध्येबाट बोलकवोलमा सवैभन्दा वढी रकम वोलकवोल गर्ने व्यक्तिले मात्र पाउने छ।
३) वोलपत्र अंक र अक्षरमा स्पष्ट लेखिएको हुनुपर्नेछ।
४) म्याद नाघी वा रीत नपुगी दर्ता भएको वोलपत्र उपर केही कारवाही हुनेछैन।
५) बोलपत्र रकम बरावर हुन आएमा संस्थाका शेयर सदस्यलाई प्राथमिकता दिइनेछ।

६) आफूले कवोल गरेको रकमको १० प्रतिशत रकम धरौटी वापत गरिमा विकास बैकको वालिङ बचत तथा ऋण सहकारी संस्थाको खाता नं ००१००१०००००२१७००००००२ मा जम्मा गरेको भौचर गोप्य शिलवन्दीको साथमा राख्नुपर्नेछ।

**वालिङ वचत तथा ऋण सहकारी संस्था लि.**
**वालिङ, स्याङजा**



**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



**उच्च हिमाली लेक आलुबारीमा याक, नाक र चौँरीगाई:**
मुस्ताङको घरपझोङ गाउँपालिका-२ मार्फा गाउँका सफल पशुपालक किसान पदमप्रसाद ज्वारचनले उच्च हिमाली लेक आलुबारीमा पालेका याक, नाक र चौँरीगाई। तस्विरः सुशीलबाबु थकाली/रासस

# लुम्बिनी प्रदेशसभा बैठकः इन्धन मूल्यवृद्धि तत्काल फिर्ता गर्न माग



बुटवल । लुम्बिनी प्रदेशसभाको सातौँ अधिवेशनअन्तर्गत सोमबार बसेको १३औँ बैठकमा प्रदेशसभा सदस्यहरूले पेट्रोलियम पदार्थको मूल्यवृद्धिले जनजीवनमा गम्भीर असर परेकाले तत्काल निर्णय फिर्ता लिन सङ्घीय सरकारसँग माग गरेका छन् ।

बैठकमा प्रदेशसभा सदस्य कृष्णा कुस्मा थारुले इन्धन महँगिँदा आम नागरिक प्रत्यक्ष मारमा परेको बताइन् । प्रदेशसभा सदस्य इन्द्राकुमारी गहतराजले तत्काल मूल्यवृद्धि फिर्ता लिन माग गरिन् ।

प्रदेशसभा सदस्य हेमा बेल्वासेले सीमापारिबाट ल्याइने सामान्य घरायसी सामानमा १०० रुपैयाँभन्दा माथि भन्सार तिर्नुपर्ने व्यवस्था र पेट्रोलियम पदार्थको मूल्य वृद्धिप्रति आपत्ति जनाइन् ।

उनले इन्धन महँगिँदा सिँचाइ खर्च, ट्याक्टर भाडा र उत्पादन लागत बढ्ने भएकाले किसान पलायन हुने अवस्था आउन सक्ने बताइन् ।

प्रदेशसभा सदस्य तारा थापाले अत्यधिक मूल्यवृद्धिका कारण विपन्न वर्गको जीवनयापनमा थप कठिनाइ आएको बताउँदै तत्काल राहत दिनुपर्नेमा जोड दिइन् ।

प्रदेशसभा सदस्य मीनाकुमारी बोहराले अर्थतन्त्र सुधारतर्फ सरकार गम्भीर हुनुपर्ने बताइन् ।

प्रदेशसभा सदस्य मीनाकुमारी श्रेष्ठले बाँके दक्षिण क्षेत्रमा सिँचाइ सुविधा विस्तारका लागि आयोजनालाई पुनर्जीवन दिनुपर्ने बताइन् ।

अर्का सदस्य लोकाकुमारी विश्वकर्माले रातो किताबमा विनियोजित बजेट कार्यान्वयनमा समस्या रहेको उल्लेख गरिन् ।

प्रदेशसभा सदस्य विष्णुप्रसाद पन्थीले मेटा कम्पनीलाई कानुनी दायरामा ल्याई नेपालमा प्रचलित कानुनअनुसार राजस्व तिर्न बाध्य बनाउनुपर्ने धारणा राखे ।

बैठकमा सामाजिक विकास समितिका सभापति यमबहादुर नेपाली सार्कीले दलित अधिकारसम्बन्धी विधेयकमाथिको समितिको प्रतिवेदन प्रस्तुत गरे भने कृषि, वन तथा वातावरण समितिका सभापति विश्वप्रेम पाठकले समितिको वार्षिक प्रतिवेदन सभामा पेस गरे ।

# नन्दनी गौशालामा आहार वितरण



बुटवल । रुपन्देही व्यापार संघअन्तर्गतको थान कपडा वस्तुगत उप-समितिद्वारा अक्षय तृतीयको अवसरमा बुटवल- ७, शिवनगर स्थित नन्दनी गौशालामा रहेका गाई वस्तुहरुका लागि आहार (खाद्यन्न) सहयोग कार्यक्रम सम्पन्न भएको छ । आहार वितरण कार्यक्रममा प्रमुख अतिथि संघका अध्यक्ष प्रकाश ढकालले गौशालामा रहेका गाईवस्तुहरुलाई दाना तथा आहार खुवाएर कार्यक्रमको उद्घाटन गरेका हुन् ।

सो अवसरमा बोल्दै प्रमुख अतिथिले व्यवसायिक लाभसँगै समाज र प्राणी जगतको सेवामा लाग्नु प्रशंसनीय कार्य भएको बताए । उनले भने-'गौमाताको सेवा गर्नु सनातन धर्म र मानवीय धर्म दुवै हो ।

थान कपडा उप-समितिले देखाएको यो सक्रियता अन्य उप-समितिहरुका लागि पनि प्रेरणाको स्रोत बन्नेछ ।'

कार्यक्रमका संघका कोषाध्यक्ष अर्जुनप्रसाद भट्टराईले संस्थालाई अझ सशक्त बनाउन र यस्ता पुण्य कार्यलाई निरन्तरता दिन सबै सदस्यहरुलाई सक्रिय सहभागिता र सहयोगको आवश्कयता रहने उल्लेख गरे ।

कार्यक्रममा थान कपडा वस्तुगत उप-समितिका संयोजक भिष्मप्रसाद सापकोटाले संस्थाले व्यावसायिक हकहितका साथै बेलाबेलामा यस्ता सामाजिक कार्यहरु गर्दै आएको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिने प्रतिबद्धता जनाए ।

कार्यक्रममा संघका पदाधिकारी, कार्यसमिति, वस्तुगत उप-समितिलगायतको उपस्थिति रहेको थियो ।

वस्तुगत उप-समितिका संयोजक भिष्मप्रसाद सापकोटाको अध्यक्षता एवं सचिव कृष्णप्रसाद पौडेलको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

## विश्वविद्यालयमा दलीय संगठन हटाउन उप-कुलपतिलाई प्रधानमन्त्रीको कडा निर्देशन

काठमाडौँ । प्रधानमन्त्री बालेन्द्र शाहले विश्वविद्यालय र स्वास्थ्य शैक्षिक संस्थाहरूमा रहेका दलीय विद्यार्थी तथा कर्मचारी संगठनका संरचनाहरू तत्काल हटाउने निर्णय कार्यान्वयन गर्न उपकुलपतिहरूलाई निर्देशन दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार देशभरका विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूसँगको साढे ३ घण्टा लामो छलफलका क्रममा उनले यस्तो निर्देशन दिएका हुन् ।

छलफलका क्रममा उपकुलतिहरुले जेनजी आन्दोलन र चुनावपछि विद्यार्थीले राजनीतिक गतिविधि सुस्त भएको र यस्ता संगठन हटाउन पहल भइरहेको बताएका थिए ।

प्रधानमन्त्री शाहले भने शैक्षिक संस्थाहरूमा कुनै पनि बहानामा राजनीति गर्न नहुने अडान लिँदै दलीय संगठनका संरचना हटाउन कुनै पनि ऐन बाधक नहुने स्पष्ट पारे ।

उनले अस्पताल, क्याम्पस र विद्यालयजस्ता पवित्र ठाउँमा कुनै पनि दलको झण्डा, प्रभाव वा संगठन राख्न नदिइने बताउँदै राजनीति नै गर्ने भए पेसागत जिम्मेवारीबाट अलग भएर पूर्णरूपमा राजनीतिमा लाग्न सुझाव दिए ।

छलफलका क्रममा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा.डा. धनेश्वर नेपालले विद्यार्थी संगठनहरू हटाउन खोज्दा उल्टै धम्की र आक्रमण खेप्नुपरेको भन्दै असुरक्षित भएको बताएका थिए ।

जवाफमा प्रधानमन्त्री शाहले राजनीतिक संगठनका संरचना हटाउदा सुरक्षाको कुनै पनि समस्या आएमा तुरुन्तै सम्बन्धित मन्त्रालय वा आफ्नो सचिवालयमा खबर गर्न निर्देशन दिए ।

प्रधानमन्त्री शाहले सुरक्षा संयन्त्रलगायत आवश्यक पर्ने सबै सहयोग उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको र प्रहरी प्रशासनले आफ्नो कर्तव्य पालना गर्ने बताउँदै ढुक्क भएर जिम्मेवारी पूरा गर्न उपकुलपतिहरूलाई आग्रह गरे । साथै, प्रधानमन्त्री शाहले शैक्षिक क्यालेन्डरको पूर्ण पालना गर्न र परीक्षाको नतिजा एक महिनाभित्रै प्रकाशन गर्नसमेत कडा निर्देशन दिए ।

यसैगरी शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले पनि राजनीतिक दलसँग आबद्ध संगठनहरू खारेज गर्न मन्त्रालयले निर्देशन दिइसकेकाले त्यसलाई कार्यान्वयन गर्न ऐनले नरोक्ने बताए ।

छलफलमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. दीपक अर्यालले 'जेनजी' आन्दोलन र निर्वाचनपछि विद्यार्थी तथा कर्मचारी संगठनहरू क्रमशः निष्क्रिय बन्दै गएको जानकारी दिए ।

मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. ध्रुवकुमार गौतम, पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा. विजुकुमार थपलिया र सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा.डा. हेमराज पन्तले केही आंगिक क्याम्पसहरूमा अझै पनि विद्यार्थी राजनीतिको तनाव कायमै रहेको बताए ।

अन्य विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूले भने आफ्नो संस्थामा राजनीतिक गतिविधि न्यून रहेको र प्रशासन कडा भएमा शैक्षिक क्षेत्रमा राजनीति अन्त्य हुने विश्वास व्यक्त गरे ।

# बर्दघाटका धार्मिक तथा पर्यटकीय क्षेत्रमा पत्रकारहरूको स्थलगत अवलोकन



**गौरिशंकर जयसवाल**
*परासी*

बर्दघाट नगरपालिकामा भित्र रहेका पर्यटकीय क्षेत्र को अवलोकन गरिएको छ । नेपाल पत्रकार महासंघ पश्चिम नवलपरासीले धार्मिक तथा पर्यटकीय क्षेत्रको स्थलगत अवलोकन गरिएको हो ।

पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले बर्दघाट नगरपालिकामा भित्र रहेको धार्मिक तथा पर्यटकीय क्षेत्रको स्थलगत अनुगमन गरिएको नेपाल पत्रकार महासंघ पश्चिम नवलपरासीका उपाध्यक्ष विकास अधिकारीले जानकारी दिए ।

महासंघको टोलीले बर्दघाटको कंचनगढी, बुद्ध मङ्गल ताल, वनदेवी मन्दिर, सिमसारलगायतका धार्मिक एवम् पर्यटकीय स्थलहरुको अध्ययन अवलोकन गरिएको महासंघका सचिव अनिल यादवले बताए ।

अवलोकनमा सहभागी पत्रकारहरूले ती स्थलहरुको सम्भाव्यता र यी क्षेत्रको विकासमा स्थानीय तहले खेलेको भूमिका र स्थानीयहरुसँग यसका ऐतिहासिक विषयबस्तुका बारेमा जानकारी लिएको हो ।

कञ्चन गढीको विकास स्थानीय तह आएपछि विकास धेरै भएको चन्द्रबहादुर गाहमगरले बताए । वडाध्यक्ष विमला गुरूङले कञ्चन गढीको विकास गर्न डीपीआर बनाई पर्यटकीय क्षेत्रको विकास गर्न नगरपालिका लागिपरेको बताइन् ।

बर्दघाट नगरपालिका नगरप्रमुख शम्भुलाल श्रेष्ठले बर्दघाट नगरपालिकाको समृद्धिको आधार पर्यटीय क्षेत्रको विकासमा लागिपरेको बताए । बुदमंगल तालमा विकासमा उपेक्षा गरिएको स्थानीयहरूले बताएका छन् ।

नगरभित्र रहेका पर्यटकीय एवम् धार्मिक स्थलहरुका विषयमा सहभागी पत्रकारहरूलाई सामाजिक विकास समिति संयोजक भिमकाजी गुरुङ, वडा नम्बर ५ का अध्यक्ष बिमला गुरुङ, वडा नम्बर १२ का अध्यक्ष उमाशङ्कर चौधरी, वडा नम्बर ५ का स्थानीय चनबहादुर गाहलगायतले भनाइ राखेका थिए ।

# यूएईसहितका खाडी मुलुकका लागि श्रम स्वीकृति पुनः खुला

बुटवल । सरकारले संयुक्त अरब इमिरेट्स (यूएई) सहित खाडीका विभिन्न मुलुकहरूका लागि स्थगित गरिएको श्रम स्वीकृति पुनः सुचारु गर्ने निर्णय गरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सोमबार मन्त्रीस्तरीय निर्णय गर्दै यसअघि लगाइएको अस्थायी प्रतिबन्ध हटाएको हो ।

मन्त्रालयको निर्णयसँगै अब साउदी अरेबिया, यूएई, कतार, कुवेत, बहराइन, ओमान, जोर्डन, लेबनन, टर्की र इजरायलका लागि सबै प्रकारका श्रम स्वीकृति (व्यक्तिगत, संस्थागत र वैधानिकीकरण) पूर्ववत अवस्थामा जारी हुने वैदेशिक रोजगार विभागले जनाएको छ ।

इरान युद्धका कारण पश्चिम एसियाली क्षेत्रमा उत्पन्न विषम परिस्थितिका कारण सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै सरकारले फागुन १७ गते ती मुलुकहरूमा वैदेशिक रोजगारीमा जान अस्थायी रूपमा रोक लगाएको थियो ।

परिस्थितिमा सुधार आएसँगै श्रमिकहरूको हित र मागलाई ध्यानमा राखी पुनः श्रम स्वीकृति खुला गरिएको विभागको सूचनामा उल्लेख छ । अन्य देशहरूको हकमा श्रम स्वीकृति पूर्णरूपमा खुला गरिए पनि इराकको सन्दर्भमा भने मन्त्रिपरिषद्को २०८२ पुस ११ गतेको निर्णय बमोजिम नै हुने गरी व्यवस्था मिलाइएको विभागले जनाएको छ ।

यस निर्णयसँगै श्रम स्वीकृतिको पर्खाइमा रहेका हजारौँ युवाहरू लाभान्वित हुने भएका छन् ।


**जातीय भेदभाव उन्मूलन गरौं ।**

- सबै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं ।
- **जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौ ।**

नेपाल सरकार विज्ञापन बोर्ड








हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com